निर्वाचन आयोग नेपाल

# प्रदेश निर्वाचन कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

प.सं. २०७९/०८०

च.नं. 62

मिति २०७९/०५/२३

श्री स्थानीय तह सबै (१३ वटै),
कैलाली ।

**विषय: निर्वाचन खर्च विवरण सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग, नेपालको प.सं.च.नं./Ref: १२६/०७९/८० र मिति २०७९/५/२२ को प्राप्त पत्रानुसार आयोगको मिति २०७९/५/१४ को निर्णयानुसार स्थानीय तह निर्वाचन, २०७९ मा यस जिल्ला अन्तर्गत विभिन्न गाउँ कार्यपालिका/नगर कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई निर्वाचन आयोग ऐन २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिको कार्यालयमा सार्वजनिक गरि सोको जानकारी प्रदेश निर्वाचन कार्यालय कैलाली वा निर्वाचन आयोगमा गराउने र स्थानीय तह निर्वाचन,२०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण तोकिएको समयावधि भित्र नबुझाउने उम्मेदवारले निर्वाचन आयोग ऐन २०७३ को दफा २६ बमोजिम किन कारबाही हुन नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा ४ बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण प्रदेश निर्वाचन कार्यालय, कैलाली वा निर्वाचन आयोग, नेपालमा पेश गर्नुको साथै निर्वाचनमा भएको खर्चको विवरण तोकिएको समयावधि भित्र पेश गर्ने, समयावधिपछि पेश गर्ने, पेश नगर्ने र पेश गरेका मध्ये खर्चको विवरण सार्वजनिक नगर्ने उम्मेदवारहरुको विवरण निर्वाचन आयोगको Website मा राखुको साथै खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी र ७. (सात) दिन भित्र सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना मिति २०७९ भाद्र २३ गतेको गोरखापत्रमा प्रकाशित गरिएको ब्यहोरा जानकारी गराउँदै आयोगको निर्णय बमोजिम प्रकाशित सूचना अनुसारको कार्य गर्नको लागि म्याद भित्र खर्चको विवरण पेश गर्ने, म्याद भित्र खर्चको विवरण पेश नगर्ने र पेश गरेका मध्ये सम्बन्धित स्थानीय तहमा खर्चको विवरण सार्वजनिक नगरेका उम्मेदवारहरुको नाम नामेसी सहितको विवरण र स्पष्टीकरण सम्बन्धी सूचनाको विद्युतीय प्रति तोकिए बमोजिम पठाईएको छ । उक्त सूचना र नाम नामेसी विवरण स्थानीय तहको Website मा र कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी सोको रित पूर्वकको मुचुल्का यस कार्यालयमा पठाईदिन हुन अनुरोध गरिन्छ ।

धनगढी उप-महानगरपालिका
दर्ता नं. १२८६
मिति
दस्तखत

(प्रेमराज भट्ट)
नि. प्रदेश निर्वाचन अधिकारी

Email: deo.kailali@election.gov.np ☎ ०९१-५२३३८३ फ्याक्स: ०९१-५२६३८३

